# सामयिक कर असुल गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>**प्रस्तावना:**</u> सामयिक कर असुल गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,
गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१) यस ऐनको नाम गण्डकी प्रदेश सामयिक कर असुल ऐन, २०८१ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा:**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अघिल्लो दिन" भन्नाले सालबसाली आर्थिक ऐनको म्याद समाप्त हुने मितिभन्दा एक दिन अगाडि वा आर्थिक अध्यादेश निष्कृय वा खारेज भएको मितिभन्दा एक दिन अगाडिमध्ये जुन पछि आउँछ सोही दिनलाई सम्झनु पर्छ।

(ख) "राजस्व" भन्नाले सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश बमोजिम लगाइने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर तथा जरिवाना सम्झनु पर्छ र सो शब्दले गण्डकी प्रदेशको क्षेत्राधिकार भित्र रहेका कर लाग्ने अन्य विषय समेतलाई जनाउँछ।

(ग) "विशेष परिस्थिति" भन्नाले राजस्व संकलन गर्ने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशको अवधि समाप्त भई अर्को नयाँ सालबसाली आर्थिक ऐन प्रमाणिकरण भई प्रदेश राजपत्रमा प्रकाशन भई नसकेको वा आर्थिक अध्यादेश जारी हुन नसकेको समयावधिलाई सम्झनु पर्छ।

(घ) "सूचित आदेश" भन्नाले यस ऐन बमोजिम गण्डकी प्रदेश राजपत्रमा प्रकाशित भएको आदेशलाई सम्झनु पर्छ।

३. <u>**विशेष परिस्थितिमा राजस्व संकलन:**</u> (१) गण्डकी प्रदेशमा विशेष परिस्थितिको सृजना भएमा विशेष परिस्थिति सिर्जना हुनु भन्दा अघिल्लो दिन जुन दर कायम रहेको थियो सोही बमोजिम राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम राजस्व संकलन गर्न गण्डकी प्रदेश सरकारले कुनै आदेश जारी गर्न वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छैन।

(३) विशेष परिस्थितिमा राजस्व संकलन गरिएको दरभन्दा त्यसपछि जारी हुने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा बढी दर कायम भएमा त्यस्तो ऐन वा अध्यादेश लागु भएको मितिदेखि मात्र बढी दरमा संकलन गर्नु पर्नेछ।

(४) गण्डकी प्रदेश सरकारको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा तोकिएको दर बमोजिम नै स्थानीय तहले संकलन गर्ने राजस्वको हकमा समेत उपदफा (१) बमोजिम गर्नुपर्नेछ।

४. **<u>सूचित आदेश जारी गर्न सक्ने:</u>** (१) गण्डकी प्रदेश सरकारले आफ्नो क्षेत्राधिकार अन्तर्गत पर्ने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, प्राकृतिक स्रोत शुल्क, सेवा शुल्क तथा जरिवानाका सम्बन्धमा तत्काल कर लगाउन वा बढाउन, करमा एकरुपता र सामञ्जस्यता कायम गर्न आवश्यक ठानेमा जनहितको लागि सूचित आदेशद्वारा त्यस्तो कर लगाउन वा बढाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचित आदेश सो सूचित आदेशमा तोकिएको मितिदेखि कानून सरह हुनेछ।

५. **<u>सूचित आदेशको असर र अवधिः</u>** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ४ बमोजिमको सूचित आदेश कानून बमोजिम लागू हुने छैन।

(क) संशोधन भई वा नभई सूचित आदेशको बेहोरा कानून बनी लागू भएमा,

(ख) कानून सरह लागू हुने छैन भनी गण्डकी प्रदेश सरकारबाट निर्णय भई प्रदेश राजपत्रमा सूचना प्रकाशन भएमा,

(ग) खण्ड (क) र (ख) बमोजिम नभएमा सूचित आदेश गण्डकी प्रदेश राजपत्रमा प्रकाशित भएको ६ महिना व्यतित भएमा।

६. **<u>बाधा अड्काउ फुकाउः</u>** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा गण्डकी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।